शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : १** | **संख्या : ११** | **चैत्र २५, २०७५**


## भाग-२

**शिवालय गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालयको**
**सूचना**

# सशर्त छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

शिवालय गाउँपालिकाबाट गाउँपालिकाको जनशक्तिको आवश्यकता विश्लेषणको आधारमा विभिन्न विषयमा प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले गाउँ गाउँसभाले सशर्त छात्रवृत्ती वितरण सम्बन्धि कार्यविधि २०७५ वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " शिवालय गाउँपालिकाको सशर्त अनुदान वितरण छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "छात्रवृत्ति" भन्नाले कुनै अध्ययन, अनुसन्धानका लागि गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदानसम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले शिवालय गाउँपालिका सम्झनु पर्छ।

(ग) "छात्रवृत्ति छनौट समिति" भन्नाले नियम ३ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ।

(घ) "मूल विषय" भन्नालेछात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ।

(ङ) "परीक्षा" भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनु पर्छ।

**३. छात्रवृत्ति निर्धारण समिति :**

(१) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा हेर्ने पदाधिकारी - सदस्य

(ङ) गाउँपालिका स्थित कुनै मा.वि स्तरको विद्यालयको प्रधानाध्यापक- सदस्य

(च) गाउँकार्यपालिकाको सदस्य १ जना - सदस्य

(छ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) सशर्त छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

**४. सशर्त छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार :** छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ग) परीक्षा सम्बन्धी आचार संहिता बनाई लागू गर्ने,

(घ) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने।

## ५. छात्रवृत्ति छनौट समिति :

(१) खुल्ला प्रतियोगिताद्वारा छात्रवृत्ति छनौट गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- संयोजक

(ख) गाउँपालिकाले मनोनयन गरेका एकजना विशेषज्ञ वा कार्यपालिकाको सदस्य - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) छात्रवृत्ती छनौट समितिले आवश्यक देखेमा सम्बन्धीत क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## ६. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार :

(१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) परीक्षा संचालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासँग सम्बन्धित अन्य कार्यहरु गर्ने,

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने,

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने,

(घ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने,

(ङ) परीक्षाको आचार संहिता उल्लंघन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने,

(च) उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता तोक्ने,

(छ) छात्रवृत्ति निर्धारण समितिले दिएको नीति निर्देशनलाई पालना गर्ने,

(ज) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## ७. उम्मेदवारको छनौट खुला प्रतियोगिताबाट गर्नुपर्ने :

(१) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक, सर्शत छात्रवृत्तिको लागि उम्मेदवार छनौट गर्दा खुला प्रतियोगिताबाट गरिनेछ ।

(२) उपनियम (१) बमोजिम उम्मेदवार छनौट गर्दा विभिन्न विषयमा प्रदान गरिने छात्रवृत्तिको विषयगत रुपमा छुट्टाछुट्टै प्रतियोगितात्मक परीक्षा लिन सकिनेछ । तर कुनै व्यक्तिको लागि छुट्टै परीक्षा लिइने छैन ।

**८. छात्रवृत्ति आरक्षण गरिने :**

(१) गाउँपालिकाले प्रदान गर्ने छात्रवृत्तिलाई आवश्यकता र औचित्यका आधारमा आरक्षण कायम गर्न सकिनेछ ।

(क) बेपत्ता पारिएका व्यक्ति तथा शहिदको परिवार तथा घाइते वा निजको सन्ततीका लागि प्राथामिकता दिन सकिन्छ ।

(ख) महिला, दलित, जनजाती, अपाङ्गको र विपन्न वर्गकोहकमा विशेष व्यवस्था गर्न सकिनेछ ।

**९. सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने :** गाउँपालिकाले छात्रवृत्तिको लागि देहायका कुराहरु खुलाई कम्तीमा पन्ध्र दिनको सुचना कार्यालयको सुचना पाटीमा प्रकाशन गर्नुपर्नेछ ।

(क) परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता,

(ख) परीक्षा दस्तुर,

(ग) दरखास्त दिने स्थान र ढाँचा,

(घ) दरखास्त दिने माध्यम

(ङ) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु ।

**१०. उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता :** (१) यस नियमावली बमोजिम लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले छनौट समितिले तोकिदिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तीमा पचास प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**११. दरखास्त बुझाउनु पर्ने :** नियम १९ बमोजिम प्रकाशित सूचना बमोजिमको दस्तुर बुझाई तोकिएको म्यादभित्र तोकिएको ढाँचामा गाउँपालिकाको शिक्षा शाखामा दरखास्त बुझाउनु पर्नेछ ।

**१२. सिफारिस पेश गर्नुपर्ने :** नियम १२ बमोजिम दरखास्त बुझाउँदाका बखत आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहाय बमोजिमको निकायको सिफारिस पेश गर्नु पर्नेछ ।

(क) अपाङ्गले अपाङ्ग परिचय पत्र , दलितको हकमा दलित हो भनी खुल्ने सिफारिस वा प्रमाण पत्र ।

(ख) दलितको हकमा दलित हो भनी खुल्ने सिफारिस वा प्रमाण पत्र ।

(ग) बेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाईते वा निजको सन्ततीले सो संग सम्वन्धित प्रमाण ।

(घ) विपन्नताको सिफारिस वडापालिका कार्यालयवाट ।

**१३. कबुलियत गर्नुपर्ने :** (१) छात्रवृत्तिमा छनौट भई अध्ययनको लागि जानु अघि त्यस्तो व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कबुलियत गरी गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**१४. प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) छात्रवृत्ति छनौट भएको व्यक्तिले अध्ययन सकिएको मितिले तीन महिनाभित्र अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्ष भित्र शिवालय गाउँपालिकाले मिल्दो पदमा ३ वर्षसम्म सेवा गर्न लगाउन सक्नेछ र सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**१५. दरखास्त दिन अयोग्य हुने :** कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई दुई वर्षसम्म छात्रवृत्तिको लागि हुने परीक्षामा दरखास्त दिन अयोग्य हुने गरी सूचीकृत गरिने छ ।

**१६. पुनः छात्रवृत्तिमा छनौट नगरिने :**

(१) छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्ति छात्रवृत्तिमा नगएमा वा त्यस्तो व्यक्तिले यस कार्यविधि विपरीतको अन्य कार्य गरेमा निजलाई कानून बमोजिम सजाय गरिने छ ।

(२) गाउँपालिकाले छात्रवृत्तिमा नजाने वा कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अद्यावधिक गराई राख्नेछ । भने पुनः छात्रवृत्ति छनौट गरिने छैन ।

# अनुसूची-१

**(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)**

## कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी
जिल्ला................................गाउँपालिका.........................वडा नं.................. मा
स्थायी बसोबास भएको मिति ........................ मा जन्मेको म ........................... गाउँपालिकाबाट...................................................विषयमा अध्ययनका लागि .............................. सम्वन्धमा छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७५ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी शिवालय गाउँपालिकामा बुझाएँ ।

ल्याप्चे सहीछाप

छात्रवृत्ति पाउनेको :-

सही :-

नाम :-

सर्म्पक ठेगाना :-

टेलिफोन नम्बर :-

मिति :-

**नोटः**

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।

# अनुसूची- १ ख.

**(नियम १३ क. को उपनियम (३) सँग सम्बन्धित)**

श्री शिवालय गाउँपालिकाको कार्यालय,
सिमा, जाजरकोट ।

**विषय :- विपन्नको सिफारिस गरिएको ।**

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री .............................. .. को
छोरा/छोरी ........... जिल्ला ................ गाउँपालिका.............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति ......... देखि....... सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन्। निज........................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ। माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउँला।

**सिफारिस गर्नेको :-**

कार्यालयको छाप :

सही :

नाम:

पद:

कार्यालय:

मिति:

# अनुसूची - ३

**(नियम २४ सँग सम्बन्धित)**

## प्रतिवेदन

श्री शिवालय गाउँपालिका,
सिमा, जाजरकोट ।

**विषय : प्रतिवेदन ।**

..............................., .................... बाट छात्रवृत्तिमा छनौट भई................................ वि.सं./सन् .............. मा.................... विषयमा अध्ययन गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

**प्रतिवेदन पेश गर्नेको,**

सही :-

नाम :-

ठेगाना :-

मिति :-

उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययन विषय :

(ख) अध्ययन संस्थाको नाम र ठेगाना :

(ग) अध्ययनमा गएको स्थान :

(घ) हासिल गरेको शैक्षिक योग्यता :

(ङ) अध्ययसमाप्त भएको मिति :

(च) विदेशमा अध्ययनमा गएको भए नेपाल आइपुगेको मिति :

(छ) अध्ययन अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम :
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनुपर्ने)

(ज) अध्ययन लिंदा आई परेका समस्याहरु :

(झ) अध्ययन अवधिभर कुनै पुरस्कार प्राप्त गरेको भए सो को विवरण प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने :

**आज्ञाले**
**धनीराम शर्मा**
**प्रमुख प्राशसकीय अधिकृत**